बैठक नं : 30

आज मिति २०७५ साल चैत्र १२ गते बिहान ८ :०० वजे भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्तीज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा वैठक वसी निम्नानुसारका निर्णय गरियो ।

उपस्थिति

| क.सं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री भावना भण्डारी | नगर उप–प्रमुख | |
| ३ | श्री दिपक राना | अध्यक्ष वडा नं.–१ | |
| ४ | श्री कालि वहादुर वली | अध्यक्ष वडा नं.–२ | |
| ५ | श्री लिला वहादुर शाह | अध्यक्ष वडा नं.–३ | |
| ६ | श्री खम्व जंग शाह | अध्यक्ष वडा नं.–४ | |
| ७ | श्री श्याम लाल जैसी | अध्यक्ष वडा नं.–५ | |
| ८ | श्री शसिराम वुढा | अध्यक्ष वडा नं.–६ | |
| ९ | श्री चन्द्र वहादुर शाही | अध्यक्ष वडा नं.–७ | |
| १० | श्री कर्ण बहादुर कार्की | अध्यक्ष वडा नं.–८ | |
| ११ | श्री ध्रुव प्रसाद पौडेल | अध्यक्ष वडा नं.–९ | |
| १२ | श्री ठगेन्द्र बहादुर राना | अध्यक्ष वडा नं.–१० | |
| १३ | श्री ~~लक्ष्मी प्रसाद जैसी~~ नन्द बहादुर किसी | अध्यक्ष वडा नं.–११ | (का०वा० अध्यक्ष) |
| १४ | श्री निम वहादुर भनारी | अध्यक्ष वडा नं.–१२ | |
| १५ | श्री गोपाल वहादुर वटाला | अध्यक्ष वडा नं.–१३ | |
| १६ | श्री पार्वती वि.क. | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री मनकला नेपाली | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री विन्दु शाही | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री सृजना वि.क. | नगर कार्यपालिका सदस्य | |
| २० | श्री विर वहादुर वादी | नगर कार्यपालिका सदस्य | |
| २१ | श्री मिना पुन | नगर कार्यपालिका सदस्य | |
| २२ | श्री भद्रकला डाँगी | नगर कार्यपालिका सदस्य | |
| २३ | श्री रति नेपाली | नगर कार्यपालिका सदस्य | |
| २४ | श्री डिल्ली राज वेल्वासे | प्रमुख प्रशासकिय अधिकृत | |
| | आमन्त्रित | | |
| १ | श्री दल वहादुर घर्ती | कार्यक्रम अधिकृत | |
| २ | श्री प्रकाश कुमार शाही | कानुन अधिकृत | |
| ३ | श्री सुर्य प्रसाद लम्साल | सुचना प्रविधि अधिकृत | |
| ४ | डम्वर वहादुर विष्ट | लेखापाल | |
| | | | |

Scanned by CamScanner

निर्णयहरु

१. भेरी नगरपालिकाको आ.व. ०७५।०७६ को फाल्गुन मसान्त सम्मको आय तथा व्यय विवरण व्यापक रुपमा समिक्षा गरियो ।

२. प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतको प.सं. ०७५।०७६ च.नं ४७१ र मिति २०७५।११।२१ को प्राप्त समपुरक अनुदान रकम रु १ करोड १० लाख र प्राप्त मार्गदर्शन तथा अर्थ न्त्रालयको प.सं. ०७५।०७६ च.नं १८९७ मिति २०७५।११।७ को समपुरक अनुदान रु २ करोड १४ लाख १३ हजार रकम र प्राप्त मार्गदर्शन अनुसार तपशिलमा उल्लेखित योजनाहरुमा व्यापक छलफल गरि निम्नानुसार उल्लेख भए वमोजिम कार्यान्वयन गर्ने ।

| क.सं | प्राप्त वजेट | योजनाको नाम | कूल वजेट | समपुरक वजेट | कूल जम्मा | कार्यान्वययन प्रकृया |
|---|---|---|---|---|---|---|
| | | | संघ सरकार | | | |
| क | २,१४,१३००० | | ६०% न.पा. | ४०%संघ सरकार समपुरक अनुदान | | |
| १ | | नगरपालिका भवन | १६६००००० | ११०६७००० | २७६६७००० | क्रमागत |
| २ | | रानागाउँ नेटी वजार सम्मको वाटो | १५३७१००० | १०३४६००० | २५७१७००० | वोलपत्र |
| जम्मा | | | ३१९७१००० | २१४१३००० | ५३३८४००० | |
| | प्रदेश सरकार | | | | | |
| ख | ११०००००० | | ४०% न.पा. | ६०% प्रदेश सरकार | | |
| | | गैरीखाली राममन्दिर ठाँटी हुदै जिल्ला अस्पताल सम्मको सडक निर्माण | २०००००० | ३०००००० | ५०००००० | वोलपत्र |
| | | | ३०% न.पा. | ७०% न.पा. | | |
| १ | | खलंगा वृहत खा.पा. | १२८५७१५ | ३०००००० | ४२८५७१५ | क्रमागत |
| २ | | जाजरकोट सह लगानी खा.पा. आयोजना | २१४२८५८ | ५०००००० | ७१४२८५८ | क्रमांगत |
| | | जम्मा | ५४२८५७३ | ११०००००० | १६४२८५७३ | |

३. जिल्ला अस्पताल जाजरकोटमा जाने सडक वाटो स्तरउन्नतीका लागि **संस्थागत विकास कार्यक्रम अर्न्तगत नगर शिक्षा कार्यक्रममा विनियोजन भएको रकमवाट रु २०००००। दुई लाख रकम रकमान्तर गरि खर्च गर्ने ।**

४. वि.पि. शान्तिवाटिकामा नेपाली सेनावाट निर्माणधिन पिकनिक स्पोट, टृष्ट निर्माण तथा सौचालय निर्माणका लागि **संस्थागत विकास कार्यक्रम अर्न्तगत नगर शिक्षा कार्यक्रममा विनियोजन भएको रकमवाट रु १०००००। एक लाख रुपैया रकमान्तर गरि खर्च गर्ने ।**

५. जाजरकोट जिल्ला अस्पतालको व्यवस्थापकिय पक्षलाई सवल सक्षम तथा प्रविधिमैत्रि **वनाउन सफ्टवयेर जडान गर्न आवश्यक भएकाले संस्थागत विकास अर्न्तगत नगर प्रोफाईल वनाउने शिर्षकवाट रु ५०००००। पाँच लाख रुपैया रकमान्तर गरि खर्च गर्ने ।**

६. यस नगरपालिका क्षेत्रमा कार्यक्रम संचालन गर्नका लागि अनुमति पाउँ भनि सहकर्मी समाज नेपालले गरेको पत्राचार अनुसार चालु आ.व.मा कार्यक्रम संचालनका लागि अनुमति उपलब्ध गराउने ।

Scanned by CamScanner

७. प्रदेश सरकार उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय मार्फत रु १ करोड यस नगरपालिकाको वडा नं ११ को जगतीपुरमा जगतीपुर दरवार संग्राहलय निर्माण गर्ने प्रयोजनका लागि विनियोजित भएको र उक्त योजना निर्माण कार्य सम्पन्न गर्नका लागि भे.न.पा. ११ को जगतीपुरमा यस नगरपालिकाको स्वामित्वमा रहेको जग्गामा क्षेत्रफलमा निर्माण कार्यका लागि अनुमति माग भै आएकोले सो सम्बन्धमा छलफल गर्दा उल्लेखित जग्गामा साविक बमोजिम नै नगरपालिकाको स्वामित्व कायम रहने गरी निर्माण कार्य अनुमतिका लागि सिफारिस दिने ।

८. नगरपालिकामा रहेका जेष्ट नागरिक सुरक्षित कार्यक्रमका लागि **संस्थागत विकास कार्यक्रम अर्न्तगत ब्लड बैंक स्थापना तथा आँखा कानको शिविर संचालन कार्यक्रमवाट रु १५००००। एक लाख पचास हजार रुपैया रकमान्तर गरि जेष्ठ नागरिक संघको मागमा आधारित कार्यक्रममा खर्च गर्ने ।**

९. भेरी नगरपालिकाका **३ वटा वडाहरुमा लापा निर्माण गर्नका लागि प्रति वडा ५० हजारका दरले हुन आउने रकम १लाख ५० हजार रकम संस्थागत विकास अर्न्तगत सुशासन शिर्षकवाट खर्च गर्ने ।**

१०. **शसस्त्र प्रहरी कार्यालयको ४ ह्वीलर ट्रक मर्मतका लागि अनुरोध भई आएकोमा उक्त ट्रक मर्मतका लागि विपत व्यवस्थापन कोषवाट लागत स्टिमेट, तथा अन्य विल भरपाईका आधारमा बढीमा २ दुई लाख खर्च** लेख्ने ।

११. जिल्ला आर्युवेद कार्यालयवाट पंचकर्म कार्य, स्वास्थ्य शिविर लगायत अन्य कार्यक्रम संचालन गर्नका लागि रकम माग भई आएको हुदाँ **संस्थागत विकास अर्न्तगत युवा खेलकुद विकास तथा प्रवर्द्धन शिर्षकवाट रु २०००००। दुई लाख रकम रकमान्तर गरि खर्च गर्ने ।**

१२. सडक वोर्ड नेपालको प्राप्त वजेट अख्तियारी वमोजिम भेरी नगरपालिका अर्न्तगत भुरचौर स्याउली सडक स्तरउन्नतीमा सडक वोर्ड नेपालवाट प्राप्त रकम रु २५ लाख तथा नगरपालिकाले व्यहोर्नु पर्ने ३० प्रतिशतका दरले हुन आउने समपुरक अनुदान रकम रु १४३३६२९( कन्टेन्जेन्सी सहित) समपुरक कोषवाट व्यहोर्ने ।

१३. पहाडी क्षेत्र विकास अभियायन जाजरकोटको **मिति २०७५।६।२२ को पत्रसाथ संलग्न वृहत स्वास्थ्य शिविर संचालन सम्वन्धि प्रस्ताव वमोजिम यस जिल्लामा मिति २०७५।११।२६ देखि २८ सम्म सम्पन्न भएको वृहत स्वास्थ्य शिविरमा यस नगरपालिकाको चालु आ.व.को विनियोजन ऐनको सामाजिक विकास तर्फ वडा नं ४ को जेष्ठ नागरिक, महिला, तथा वालवालिकाका लागि आँखा कान स्वास्थ्य शिविर संचालनमा विनियोजित रु ४ लाखवाट वील भरपाई वमोजिम भुक्तानी** दिने ।

१४. श्री त्रिभुवन मा.वि. अतिरिक्त क्रियाकलाप समितिको मिति २०७५।१२।४ को पत्रसाथ संलग्न अतिरिक्त क्रियाकलाप सामाग्री खरिदका लागि आर्थिक प्रस्ताव सहित १९६०००। अनुदान सहयोग माग गरेकोमा **चालु आ.व. विनियोजन ऐनको संस्थागत विकास तर्फ विद्यालयमा जि.पि.एस. प्रविधि जडान तथा मैत्रीपूर्ण तथा गुणस्तरिय शिक्षणका लागि नगर शिक्षा कार्यक्रममा विनियोजि शिर्षकवाट प्राप्त विल भरपाईका आधारमा रु १०००००। भुक्तानी दिने ।**

१५. तपशिलमा उल्लेखित यस नगरपालिकामा कार्यरत अस्थायी करार कर्मचारीहरुको म्याद २०७५ पौष मसान्तमा समाप्त भएकाले नीजहरुको २०७५ माघ १ देखि २०७६ असाढ मसान्त सम्म सेवा करार सम्झौता गर्ने ।

| क्र.सं | पद | नाम/थर | कैफियत |
|---|---|---|---|
| १ | इन्जिनियर | नवराज शर्मा | करार |
| २ | सूचना प्रविधि अधिकृत | सुर्य प्रसाद लम्साल | करार |
| ३ | वरिष्ठ सामाजिक परिचालक | प्रचण्ड जंग शाह | अस्थायी |
| ४ | सव इन्जिनियर | पवन खत्री | करार |
| ५ | सव इन्जिनियर | धरम प्रकाश घर्ती | करार |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ६ | स्वकिय सचिव | राजेन्द्र विवश पुन | करार |
| ७ | खरिदार | विरेन्द्रशिल घर्ती | करार |
| ८ | खरिदार | गोरख वहादुर शाही | करार |
| ९ | खरिदार | भरत कुमार शर्मा | करार |
| १० | अ.स.ई. | देव वहादुर घर्ती | अस्थायी |
| ११ | असिस्टेन्ट सव–ईन्जिनियर | धन वहादुर थापा | करार |
| १२ | असिस्टेन्ट सव–ईन्जिनियर | विष्णु वहादुर रोकाय | करार |
| १३ | अमिन | केशवराज पुन | करार |
| १४ | सामाजिक परिचालक | लाल वहादुर कार्की | करार |
| १५ | सामाजिक परिचालक | सृजना चौधरी | करार |
| १६ | सामाजिक परिचालक | रमेश जंग शाह | करार |
| १७ | सामाजिक परिचालक | सर्मिला घर्ती | करार |
| १८ | सवारी चालक | शेर वहादुर अधिकारी | करार |
| १९ | का.स. | डिल वहादुर पुन | अस्थायी |
| २० | का.स. | गोपाल महतारा | करार |
| २१ | का.स. | विमला शाही | करार |
| २२ | का.स. | सुदिप के.सी. | करार |
| २३ | का.स. | नरेश नेपाली | करार |
| | | **स्वास्थ्य तर्फ** | |
| १ | विपना वली | अनमी | जिल्ला अस्पताल |
| २ | सुमिलन शाह | अनमी | वाहुनथाना स्वा.चौकी |
| ३ | रंजिता खड्का | अनमी | पुन्मा स्वास्थ्य चौकी |
| ४ | सपना गिरी | अनमी | कुदु स्वास्थ्य चौकी |
| ५ | कौसिला राना | अनमी | भुर स्वास्थ्य चौकी |
| ६ | रत्ना खड्का | अनमी | वाहुनथाना स्वास्थ्य चौकी |
| ७ | कालिका शर्मा | का.स. | स्वास्थ्य चौकी भुर |
| ८ | भिम वहादुर शाही | का.स. | स्वास्थ्य चौकी पुन्मा |
| ९ | जगत वहादुर खड्का | का.स. | स्वास्थ्य चौकी वाहुनथाना |
| १० | लाल वहादुर नाथ | का.स. | जिल्ला आर्युवेद कार्यालय |
| ११ | सपना ज्ञवाली | सामाजिक स्वास्थ्य प्रवर्द्धक | स्वास्थ्य चौकी भुर |
| १२ | नशेर वटाला | सामाजिक स्वास्थ्य प्रवर्द्धक | स्वास्थ्य चौकी कुदु |

Scanned by CamScanner

१६.भेरी नगरपालिकाको **विनियोजन ऐन २०७५ को सुशासन तर्फको वडा नं ५ वाट इलाका प्रहरी कार्यालय जगतीपुर सौचालय निर्माणका लागि रु १०००००। एक लाख विनियोजन भएकोमा इलाका प्रहरी कार्यालय जगतीपुरलाई रु ५००००। र अस्थायी प्रहरी पोष्ट मटेलाई रु ५००००। विनियोजन गर्ने र वडा नं ११ को वजेटवाट विनियोजन भएको रकम रु १०००००। वाट ईलाका प्रहरी कार्यालय जगतीपुर र मटेलालाई संस्थागत विकास कार्यक्रमका लागि विनियोजन भएकोमा ईलाका प्रहरी कार्यालय जगतीपुरको प्रतिक्षालय निर्माणका लागि रु. ७००००। र अस्थायी प्रहरी पोष्ट मटेलालाई रु ३००००। विनियोजन गरि खर्च गर्ने** ।

१७.भेरी नगरपालिकाको गरिव घरधुरी परिचय पत्र वितरणका लागि नगरपालिकामा परिचय पत्र प्राप्त भैसकेकाले उक्त परिचय पत्रहरु **मिति २०७५।१२।२०** गते देखि सवै वडा कार्यालयहरु मार्फत वितरण प्रकृया शुरु गर्ने ।

१८.यस नगरपालिकामा कार्यरत सूचना प्रविधि अधिकृतको पारिश्रमिक, चाडवर्प खर्च, स्थानीय भत्ता र पोषाक भत्ता LGCDP कार्यक्रमवाट प्राप्त हुदै आएकोमा २०७५।४। १ गतेवाट LGCDP पारिश्रमिक, चाडवर्प खर्च, स्थानीय भत्ता र पोषाक भत्ता अनुदान ७५ प्रतिशत मात्र प्राप्त हुने भएकाले नपुग रकम **२५ प्रतिशत** रकम नगरपालिका अनुदान वाट थप गर्ने ।

१९.नगरपालिका क्षेत्रमा उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मुल्यको अनियमितावाट उपभोक्तालाई संरक्षण जस्ता कार्यहरु गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उप दफा (१) तथा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४, अनुगमन निर्देशिका जारी भई सकेको हुदाँ उक्त निर्देशिका वमोजिम तोकिएका समितिका पदाधिकारीहरुलाई पत्राचार गरि वजार अनुगनलाई तिव्रता दिने ।

२०.आधारभुत तह ( कक्षा ८) को परीक्षा सँचालन तथा सम्पन्न गर्न सशर्त अनुदान रकमबाट अपुग भएको भई खर्च भएको **रु २ लाख ५६ हजार रुपैंया चालु आ.व.को विनियोजन ऐनमा उल्लेख भएको विद्यालय जि.पि.एस.प्रविधि जडान तथा विद्यालय मैत्रिपुर्ण तथा गुणस्तरीय शिक्षणकालागि नगर शिक्षा कार्यक्रममा विनियोजन भएको रकमबाट भुक्तानी लेख्ने ।**

२१.नगरपालिकाको फोहर व्यवस्थापनमा लगाईएको लु.च.८०२० नं. ट्याक्टरको गत श्रावण र माघ महिनाको म्याद थप नहुदा मासिक भुक्तानी बाँकी रहेकाले उल्लेखित २ (दुई) महिनाको मासिक करार संभौताको म्याद थप गरि अन्य महिनाको सेवा– शर्त वमोजिम मासिक भुक्तानी दिने ।

२२.फोहर व्यवस्थापक कर्मचारी श्री सन्तोष शाहीले मासिक ज्यालादारी करारमा रु ७५००। पारिश्रमिक भुक्तानी लिदै आएकोमा निजको पारिश्रमिक वढाई पाउँ भनि पेश गरेको निवेदन तथा कामको कार्यसम्पादन प्रकृति मुल्यांकन गर्दा मिति २०७५ माघ महिनावाट लागु हुनेगरि निजको मासिक पारीश्रमिक रु १५०००। (अक्षरुपी पन्ध्र हजार रुपैंया मात्र) कायम गर्ने ।

२३.यस नगरपालिकाको ट्याकटर चालक भे.न.पा.–४, स्थायी निवासि श्री कृष्ण शाहीलाई मिति २०७५/११/३ गते देखि मासिक करारमा काम काज गर्दै आएकोमा निजलाई उल्लेखित मिति देखि लागुहुने गरी गरेको मासिक करार नियुक्ति अनुमोदन गरियो ।

२४.यस नगरपालिकाको व्याकलोडरको चालकमा नियुक्ति पाउँ भनि भे.न.पा.–४, निवासी श्री विष्णु वलीले आवश्यक कागजात सँलग्ना राखि मासिक करारमा नियुक्तिको लागि कागज फायल पेश गरेकाले निजलाई **मिति २०७६/०१/०२ गते देखि लागु हुने गरि निजलाई मासिक पारीश्रमिक रु १९८७०।(अक्षरुपी उन्नाईस हजार आठ शय सहत्तरी मात्र** ) उपलव्ध गराउनेगरी मासिक करारमा नियुक्ति गर्ने ।

२५. यस भेरी नगरपालिकामा चालु आ.व.मा एस.आई.पी. मार्फत संचालनमा रहेका तपशिलका योजनाहरुको म्याद फाल्गुण १५ मा समाप्त भई प्रमुख प्रशासकिय अधिकृतवाट उक्त योजनाहरुको म्याद २०७५ फाल्गुण १६ गते देखि २०७६ असाढ मसान्तसम्ममा उल्लेखित योजनाहरुको म्याद थप गरेकाले उक्त म्यादथप कार्यलाई **अनुमोदन** गरियो ।

तपशिल :

Scanned by CamScanner

| क.सं. | योजनाको नाम | ठेगाना |
|---|---|---|
| क. | छहरे साना सिचाई योजना | भे.न.पा.–२ |
| ख. | गैरी खेत सिचाई योजना | भे.न.पा.–२ |
| ग. | टोकेधारा सिचाई योजना | भे.न.पा.–२ |
| घ. | राम्री बवेरा सिचाई योजना | भे.न.पा.–६ |
| ङ | घट्टे खोला आलाहाल्ने सिचाई योजना | भे.न.पा.–७ |

२६.यस नगरपालिका भित्र प्राविधिक शिक्षा तथा व्यवशायक तालिम परिषद (CTEVT)को आंगिक बहु–प्राविधिक शिक्षालय ( फरेष्ट्री क्याम्पस) स्थापना गर्ने स्थान भे.न.पा.–५, को काफलचौर तोक्ने ।

२७.कुशे गाउँपालिका वडा नं.–५,स्थायी निवासी ३१ बर्षिय युवा श्री काली बहादुर मल्लको दुवै मृगौल फेल भई काठमाँडौमा उपचार भैरहेको र मृगौला प्रत्यांयोजनकालागि आवश्यक रकम सहयोग गरिपाउँभनि निज काली बहादुर मल्लले अस्पताल डकुमेन्ट सहित फायल निवेदन पेश गरेको सन्दर्भमा छलफल गर्दा यस भेरी नगरपालिकाका सवै जनप्रतिनिधीहरु ६८ जनाको २(दुई) दिन बरावरको तलव तथा नगरपालिकामा कार्यरत सवै कर्मचारीहरुको १(एक) दिन बरावरको तलव गरी जम्मा हुन आउने रकम रु ११५०००।( अक्षरुपी एक लाख पन्ध्र हजार रुपैया ) निजलाई सहयोग गर्ने ।

२८.वडा नं.१३ को डिप बोरिंग खानेपानी निर्माण सम्वन्धमा विशिष्ट प्राविधिक जटिलता देखिएकोले उक्त योजनाको कार्यसम्पन्न सम्वन्धमा प्राविधिक शाखाका ईन्जिनियर श्री नवराज शर्माले पेश गरेको टिप्पणी आदेश साथ सँलग्न तुलनात्मक लागत स्टमेट स्वीकृत गर्ने । यो योजना उपभोक्ता समिति मार्फत कार्यन्वयन गर्ने । सो योजनाबाट पानी निकाल्न असफल भएमा त्यसको जवाफदेहिता स्वयं काम गर्ने कम्पनी रहने र कुनैपनि लागत भुक्तानी नपाउनेगरी उक्त कम्पनिलाई कामकाजमा लगाउने । र, उपभोक्ता समितिले व्यहोर्ने रु २० प्रतिशत श्रमदान बरावरको रकम उक्त योजनाबाट पानी उपलव्ध भएमा पाईपको शाखा लाईन विस्तारको खन्ने काम र घर –घरको धारा लाईन जडान कार्यमा पाईप हाल्ने कार्य प्रयोजनमा लागत स्टमेट गरी उक्त योजनाको कार्य सम्पन्न प्रक्रिया अगाडि बढाउने ।

२९.चालु आ.व.मा विनियोजन भएका तर हाल संशोधन गर्नुपर्ने आवश्यक रहेका वडाका योजनाहरु वडा समिति मार्फत निर्णय गरि पेश गरेमा मात्र संशोधन गर्ने र सोही वमोजिम कार्यन्वयन गर्ने । अन्यथा प्रस्तावित योजनाहरु सशोधन नगर्ने ।

३०. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट मनोनित हुनु भएका यस भेरी नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्री डिल्लीराज वेल्वासे यहि मिति २०७५।१२। २० गते देखि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावालाखेलमा संचालन हुने सेवाकालिन तालीममा सहभागी हुन जानु पर्ने भएकोले मिति २०७५ चैत्र २० गते देखि २०७६ वैशाख मसान्तसम्मका लागि नगरपालिकाका कार्यक्रम अधिकृत श्री दल वहादुर घर्तीलाई सम्पुर्ण आर्थिक तथा प्रशासनिक काम काजको अख्तियारी समेत दिई निमित्त प्रमुख प्रशासकिय अधिकृत भई कामकाज गर्न तोक्ने ।

**३१. निम्न विषयहरुलाई उल्लेख भए वमोजिम कार्यन्वयन गर्ने ।**

**– फेरा प्रहरी बिट निर्माणमा लागेको रकम रु ७५०००।(अक्षरुपी पचहतर हजार रुपैंया मात्र) चालु वर्षको विनियोजन ऐनमा उल्लेख भएको नगर बस्तुगत प्रोफाईल निर्माण (जि.पि.एस.) सहित तथा गरिवि नक्सांकनकोलागि बिनियोजित रकम शिर्षकवाट खर्च भुक्तानी लेख्ने ।**

**–आर्थिक सहायता वितरण शिर्षकमा रकम अपुग भएकाले उक्त आर्थिक सहायता कोषमा रु ५०००००। (अक्षरुपी पाँचलाख रुपैंया मात्र)चालु आ.व.को विनियोजन ऐनमा उल्लेख भएको संस्थागत विकास तर्फ विद्यालय जि.पि.एस.प्रविधि जडान तथा विद्यालय मैत्रिपुर्ण तथा गुणस्तरीय शिक्षणकालागि नगर शिक्षा कार्यक्रममा विनियोजन भएको रकमबाट रकमान्तर गरी भुक्तानी लेख्ने ।**

**– नेत्रहिन संघ जाजरकोटले भे.न.पा.–६ मा सँचालनमा रहेको छात्रावासको मर्मत संभार लगाएत अन्य कार्य प्रयोजनकालागि आर्थिक सहयोग माग गरेकोमा उक्त कार्य तथा सुत्नकोलागि आवश्यक पर्ने खाट तथा लता कपडाहरु समेतको प्रयोजनकालागि रु ५० हजार चालु आ.व.को विनियोजन ऐनमा उल्लेख भएको सँस्थागत विकास तर्फको विभिन्न लक्षित वर्गका कार्यक्रमहरु सँचालन शिर्षकमा विनियोजित रकमबाट रकमान्तर गरि विल भरपाई पेश भए अनुसार भुक्तानी दिने ।**

Scanned by CamScanner

- युव क्लव गठन तथा युवा ससद सँचालन कार्यविधि ,२०७५ अनुमोदन गरियो ।

- भे.न.पा. – १० को जनता प्रा.वि. पर्सेनिमा शौचालय निर्माण गर्न रु **१ लाख विपद व्यवस्थापन कोषबाट** सहयोग गर्ने ।

- भे.न.पा. – ११ को **शिव संकर मा.वि.को छाना हुरी बतासले उडाएकाले उक्त छाना मर्मत कार्यकालागि रु १ लाख विपद व्यवस्थापन कोषबाट सहयोग गर्ने ।**

- असल शासन जिल्ला समन्वय जाजरकोट र यस नगरपालिका बिच साझेदारीमा संचालन गरिने भनि नागरिक वडापत्र प्रकाशन, सवै जन प्रतिनिधिहरुलाई भेरी नगरपालिकाले वनाएका ऐन नियम र कानुनका बारेमा २ दिने अभिमुखिकरण तालिम सँचालन, हाते पुस्तिका प्रकाशन, भेरी नगरपालिकाको गुनासो सुनुवाई संयन्त्र निर्माण तथा टोल–फ्री नम्वर स्थापनाकालागि नगर पालिकाको तर्फवाट **साझेदारी गर्ने रकम रु २३१०००।(अक्ष रुपी दुई लाख एकतिस हजार रुपैंया मात्र) चालु वर्षको विनियोजन ऐनमा उल्लेख भएको संस्थागत विकास तर्फको सुशासन प्रवर्द्धन शिर्षकमा विनियोजित रकम शिर्षकवाट खर्च भुक्तानी लेख्ने ।**

- एकल महिला तर्फ मिलन मेलिना कुखुरा फारामका प्रोप्राईटर भे.न.पा.–४, निवासी श्री योगमाया कार्कीले आफ्नो साझेदारी वाहेक कुखुरा फाराम स्थापनाकोलागि नगरपालिकामा रु १ लाखको अनुदान सहयोग प्रस्ताव पेश गरी कार्यक्रम संझौता समेत गरी सकेकोमा **उक्त रु १ लाख साझेदारी रकम चालु आ.व.को विनियोजन ऐनमा उल्लेख भएको सँस्थागत विकास तर्फको विभिन्न लक्षित वर्गका कार्यक्रमहरु सँचालन शिर्षकमा विनियोजित रकमबाट रकमान्तर गरि विल भरपाई पेश भएमा भुक्तानी दिने ।**

- युवा जागरण विकास केन्द्र जाजरकोट र यस नगरपालिका विचको साझेदारी मार्फत भुक्तानी गर्ने भनि बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न प्रचार प्रसार गर्न तत्कालकालागि आवश्यक पर्ने सचेतनामुलक सामग्री (पर्चा –पाम्पलेट)छपाई,प्रकाशन र प्रशारणकालागि यस नगरपालिकाबाट साझेदारी गर्ने रकम **रु३२५००। (अक्षरुपी बत्तीस हजार पाँच शय) चालु वर्षको विनियोजन ऐनमा उल्लेख भएको संस्थागत विकास तर्फको सुशासन प्रवर्द्धन शिर्षकमा विनियोजित रकम शिर्षकवाट खर्च भुक्तानी लेख्ने ।**

- नगरपालिका **स्वास्थ्य शाखातर्फ सशर्त अनुदानवाट प्राप्त रकम रु ३ लाख भे.न.पा. ७ दोकानामा खोप क्लिनिक निर्माण गर्ने कार्यमा खर्च गर्ने ।**

- **मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र(CMC) सँग भएको संझौता वमोजिम नगरपालिकाको साझेदारीमा सँचालन गरिने स्वास्थ्य शिविर तथा तालिम सँचालनको लागि आवश्यक पर्ने रकम रु १ लाख ६० हजार रुपैंया चालु वर्षको विनियोजन ऐनमा उल्लेख भएको संस्थागत विकास तर्फको ब्लड बैंक स्थापना तथा आँखा कानको शिविर सँचालन कार्यक्रममा विनियोजित रकम शिर्षकवाट खर्च भुक्तानी लेख्ने ।**

- दिपेन्द्र मा.वि.भुरले प्राविधिक शिक्षालय स्थापनाकोलागि सिफारिस माग गरेकाले प्राविधिक शिक्षालय स्थापनाको लागि नियमानुसार सम्वन्धित निकायमा सिफारिश गर्ने ।

- भे.न.पा.– २ निवासी श्री गोपाल बहादुर कार्कीको घर सडक निर्माणको क्रममा जोखिममा परेको हुँदा वडा नं.२ को **चालु वर्षको विनियोजन ऐनमा उल्लेख भएको आर्थिक विकास तर्फको बाली तथा पशु पंक्षी विमा नगदेवाली विकास कार्यक्रममा विनियोजित रकम रु ३ लाख शिर्षकवाट रु १ लाख रकमान्तर गरी नियमानुसार खर्च भुक्तानी दिने ।**

- भे.न.पा.–६ , को समालपाखा टोलको कुल देवता मस्टो सातसल्ले भैयार मन्दिर निर्माणमा रु ५ लाख विनियोजन गर्ने ।

- यस चालु आ.व.मा जिल्ला आयुर्वेद अस्पतालको भवन निर्माणकालागि आवश्यक पर्ने ९ रोपनी जग्गा माग भई आएकोमा यस सदरमुकाम भित्र ९ रोपनी जग्गा उपलव्ध नहुने स्थिति देखिएकाले आगामी बैठकमा ९ रोपनी जग्गाको लालपुर्जा सहित प्रस्तावित स्थान प्राप्त भएमा जिल्ला आयुर्वेद अस्पतालको भवन निर्माणकालागि अनुमति प्रक्रिया अगाडि बढाउने ।

Scanned by CamScanner